# मिति २०७६।०४।२९ गतेको फिदिम नगर कार्यपालिकाको निर्णयहरु

**निर्णय नं. १ :** यस कार्यालयमा हालै देखी सेफ्टी ट्याङ्की सफाई सेवा सन्चालनमा आएको छ। यस वापत नगरपालिकाको आर्थिक ऐन अनुसार प्रति टेङ्की रु ६०००।०० का दरले सेवा शुल्क समेत असुल भै रहेको छ। यस कार्यमा संलग्न कर्मचारीलाई छुट्टै प्रोत्साहन गर्न आवश्यक भएकाले प्रति एक जना ड्राईवर तथा २ जना सहयोगी समेतलाई दामासाहीले वाड्ने गरी प्रति टेङ्की रु ५००।०० का दरले प्रोत्साहन भत्ता उपलव्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २ :** यस कार्यालयवाट सन्चालन भै रहेको नगर सफाई सेवामा संलग्न डोर हाजिरीमा काम गर्ने कामदारको पारीश्रमिक  जिल्ला दररेट समितिले निर्धारण गरेको अदक्ष कामदारको पारीश्रमिक रु ६५०।०० प्रतिदिन भएकाले सोही अनुसारको पारिश्रमिक उपलव्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ३ :** यस नगरपालिकाले फोहर सफाईको लागि प्रयोग हुने टिफर र  ट्रयाक्टर (सेफ्टी ट्याङ्की सफाई ट्र्याक्टर) का चालकलाई जिल्ला दररेट अनुसार डोर हाजिरीका आधारमा दैनिक रु ७५०।०० पारीश्रमिक उपलव्ध गराउने निर्णय गरियो। सवारी चालक अनुमति प्राप्त सहचालकलाई चालक सरह र अनुमति प्राप्त नभएका सह चालकलाई अदक्ष कामदारको तलव वरावर हुने रकम रु ६५०।०० उपलव्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४ :** साविकमा नेपाल सरकारको तलवस्केल भन्दा कम तलव पाईरहेका विभिन्न सेवाका कर्मचारीहरुलाई २५% सम्म तलवस्केल वृद्धि गर्ने निर्णय अनुसार कर्मचारीको मात्र तलव स्केल कम केहि कर्मचारीको मात्र तलव स्केल कम हुन गई समान पदमा कार्यरत कर्मचारी विच विभेद हुन गएकाले त्यस्ता कर्मचारीको समेत पारिश्रमिकमा समानता कायम गर्न तलव स्केल नगरसभामा प्रस्ताव लैजाने निर्णय गरियो।

**निर्णय नं. ५ :** यस नगरपालिकामा रहेका झोलुङ्गेपुलको संरक्षणका लागि साविकमा जिल्ला विकास समितिले हेरालु नियुक्ति गरी पुल संरक्षण गराई आएकोमा अव नगरपालिकाले ती पुल संरक्षणका लागि हेरालु नियुक्ती गरी कामकाजमा लगाउने निर्णय गरियो।

**निर्णय नं. ६ :** नगरविकास ऐन २०४५ ले नगर विकास समिति गठन गर्ने सम्वन्धमा गरेको नयाँ व्यवस्था वमोजिम नगरकार्यपालिकाका सदस्य मध्येवाट नगर कार्यपालिकाले तोकेका ३ जना सदस्य रहने तथा स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका सोही क्षेत्रका समाजसेवी मध्येवाट कार्यपालिकाले मनोनित गरेका एकजना महिला सहित २ जना सदस्य रहने व्यवस्था भएकाले कार्यपालिकावाट वडा नं १ का का वा अध्यक्ष श्री राजकुमार नेम्वाङ वडा नं २ का अध्यक्ष श्री सुकपाल तुम्वापो वडा नं ३ का अध्यक्ष श्री नरेन्द्र गुरुङ र समाजसेवी मध्येवाट श्री सुवराज थापा (वडा नं १) र श्री गिता गुरुङ (वडा नं ४) लाई मनोनयन गर्ने र सो समितिमा रहने गरी सदस्य तोकि पठाई दिन प्रमुख जिल्ला अधिकारी मालपोत कार्यालय वन कार्यालय र नापि कार्यालयलाई प्रतिनिधि तोकि पठाईदिन अनुरोध गर्ने निर्णय गरियो।

## मिति २०७६।०४।२९ गतेको फिदिम नगर कार्यपालिकाको निर्णयहरु

**निर्णय नं. ७ :** यस नगरपालिकामा एक गाउ एक प्राविधिक कार्यक्रम अन्तरगत कार्यरत कर्मचारीहरुको लागि संघीय सरकारवाट एक तिहाई रकम मात्र निकाशा भई आएकोले ती कर्मचारीलाई वाँकी अवधिको लागी समेत आवश्यक व्यवस्था गर्न र नगरपालिकामा रिक्त रहेका पदपूर्तिको लागि अनुरोध गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. ८ :** नगरपालिकावाट गत आ व ०७५।७६ मा खरिद गरिएका विद्युत पोल तथा सोलार को होम सिस्टमहरु विभिन्न वडाहरुवाट प्राप्त सिफारिसको आधारमा वितरण भएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो। र वाँकी रहेका पोल तथा सोलारहरु वितरण गरेको विवरण नगरकार्यपालिकामा पेश गर्ने गरी वडा कार्यालयको सिफारिसमा ती सामाग्री वितरण गर्न नगरप्रमुखलाई अधिकार प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ९ :** सार्वजनिक स्थानमा जडान गरेको सोलार सिस्टम अनुगमन गरी मर्मत गर्नु पर्ने अवस्थामा भए मर्मत गर्ने निर्णय गरियो।

**निर्णय नं. १० :** फिदिम नगरपालिकाले विगतमा ट्रफिक कार्यालय भवन निर्माणका लागि वजेट विनियोजन गरेकोमा दुई ठाँउमा ट्रफिक कार्यालय भवन निर्माण भई एक तर्फको स्लाव निर्माण समेत गरेको कार्यको भुक्तानी हुन वाँकी रहेकाले प्राविधिक स्टिमेट विल वमोजिमको रकम भुक्तानी हुन वाँकी शिर्षकको रकमवाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ११ :** नगरपालिकाले सन्चालन गर्नु पर्ने प्रकोप व्यवस्थापन तथा दैनिक कृयाकलापहरु मध्ये वजेट तयार गर्दा केहि शिर्षकहरु छुट्न गएकाले ति शिर्षकहरुमा रकम विनियोजन गर्न आवश्यक रहेको छ। नगरपालिकाको चालु र पूँजिगत भैपरि आउने खर्चमा रकम विनियोजन भै सकेकाले र त्यस्ता शिर्षकवाट सिधै खर्च लेख्न नसकिने भएकाले अत्यावश्यक शिर्षकमा रकमको व्यवस्था गर्न आवश्यक रहेकोछ। तसर्थ निम्न लिखित शिर्षकहरुमा निम्न लिखित शिर्षकवाट रकम विनियोजन गर्ने निर्णय गरियो।

| सि नं | रकम विनियोजन हुने कार्यक्रमको नाम | रकम विनियोजन श्रोत | विनियोजन हुने रकम |
|---|---|---|---|
| १ | पूँजिगत सुधार कार्यक्रम | पूँजिगत भैपरि | उन्तीस लाख |
| २ | पोषण स्वयंसेवकलाई प्रोत्साहन (मासिक रु ६५०० का दरले) | चालु भैपरी | ७८ हजार |
| ३ | पोषण कर्नर स्थापाना | चालु भैपरि | २ लाख पचास हजार |
| ४ | झोलुङ्गे पुल हेरालुको पारिश्रमिक भुक्तानी | चालु भैपरि | एक लाख ६२ हजार |
| ५ | नगरपालिकाले लिएको विद्यालयको जग्गाको भाडा भुक्तानि (दुइ वर्षको) | चालु भैपरि | ७० हजार |

| | | | |
|---|---|---|---|
| | तथा प्रहरि पोष्टको भाडा भुक्तानी | | |
| ६ | स्वास्थ्य औषधि तथा औजारको ढुवानी तथा मासिक बैठक | चालु भैपरि | ३ लाख पचास हजार |
| ७ | पार्किङ तथा सफाइ कर्मचारीलाई पुरस्कार | चालु भैपरि | १ लाख २० हजार |
| ८ | शिक्षक तलवी प्रतिवेदन अनुमोदन | चालु भैपरी | १ लाख |
| ९ | आई ई ई सेवा खरिद (पशु वधशाला निर्माण तथा दुङ्गा गिटी वालुवा ) | चालु भैपरि | ५ लाख |
| १० | सामाजिक मनोपरामर्श कार्यक्रम सन्चालन (टि ओ टी सन्चालन र कार्यक्रम ) | चालु भैपरि | ३ लाख |
| १० | नगरपालिका भित्रका सुत्केरी हुन नसकेका महिलाहरुका लागि सम्वन्धित अस्पतालको सिफारिसमा फिदिम देखी विराटनगर वा धरानका अस्पताल सम्म पुर्याउन लाग्ने ईन्धन खर्च | चालु भै परि | ५ लाख |
| ११ | स्थानीय पत्र पत्रिकामा कल्याणकारी सुचना प्रकाशन | चालु भैपरि | १ लाख २० हजार |

**निर्णय नं. १२ :** नगरपालिकाको कृयाकलापहरु सन्चालन गर्न निम्नानुसारका कार्यविधिहरु आवश्यक भएकाले ती कार्यविधिहरु सम्वन्धित समितिमा छलफल गर्ने निर्णय गरियो ।

क) कर संकलन कार्यविधि,२०७६
ख) भवन निर्माण अनुमति प्रदान गर्ने कार्यविधि, २०७६
ग) वसपार्क सन्चालन पार्किङ व्यवस्थापन कार्यविधि, २०७६
घ) खर्च सम्वन्धि मापदण्ड, २०७६
ङ) फिदिम नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि, २०७६
च) फिदिम नगरपालिका साना सवारि दर्ता, नविकरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६

**निर्णय नं. १३ :** देहाय वमोजिमको रकम देहाय अनुसारको वजेट शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

| क्र स | विवरण | वजेट शिर्षक नम्वर र नाम | रकम |
|---|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाईटीले निशुल्क रक्त सन्चार सेवा सन्चालन गर्न चलानी नम्वर ३ मिति २०७६।०४।०८ को पत्रवाट अनुरोध भै आए अनुसार शव वाहन सन्चालनका लागी | कार्यक्रम ८१ विभिन्न संघ संस्थाहरुलाई सहयोग वितरण | १०००००।०० |
| २ | अस्थाई प्रहरि पोष्ट वसपार्कको च नं १३ मिति २०७६।०३।२७ को पत्रवाट अनुरोध भै आए अनुसार प्रहरि पोष्ट वसेको आश्विन महिना देखी १० महिनाको भाडा | कार्यक्रम विभिन्न संघ संस्थालाई सहयोग वितरण | १००००।०० |
| ३ | हातेमालो कृषि सहकारी संस्था फिदिम पाँचथरका लागी ल्यापटप १ थानको रकम / उज्यालो साना किसान कृषि सहकारी संस्था | कार्यक्रम ८१ विभिन्न संघ संस्थालाई सहयोग वितरण | १७००००।०० |
| ४ | जिल्ला प्रहरि कार्यालयको च नं ३०० मिति २०७५।०३।०८ को पत्र भवन अनुसार समिक्षा हल निर्माण गरेको रकम | कार्यक्रम पुँजीगत सुधार कार्यक्रम | १०३२१७।०० |
| ५ | पात्ले भन्ज्याङ नवमी डाँडा जाने वाटो पैरोले पुरी सफाई गर्न लागेको रकम | कार्यक्रम पूँजिगत सुधार कार्यक्रम | ८७८००।०० |
| ६ | पाँचथर उद्योग वाणिज्य संघले तिज कार्यक्रम सन्चालन गर्न प्रस्ताव पेश गरेकाले सो प्रस्ताव वमोजिमको रकम | कार्यक्रम ८१ विभिन्न संघ संस्थालाई सहयोग वितरण | ७००००।०० |
| ७ | वाघकुर लुङलेवा लुम्फावुङ सामुदायिक सिंचाई योजनाको मिति २०७६।०४।१३ चलानी नम्वर १ को पत्रवाट पैरो आई करिव १८ मिटर कुलो मर्मत गर्न अनुरोध भए अनुसार । | कार्यक्रम पुँजिगत सुधार कार्यक्रम | ईस्टिमेट तयार गरी सम्वन्धित उपभोक्तावाट १०% लागत सहभागिता जुटाई काम गर्ने । |

**निर्णय नं. १४ :** विगत आ व को कुल आय व्यय वैठकमा प्रस्तुत भयो । हाल वडा कार्यालय भवन वनिरहेको देहायका वडा कार्यालयहरुको भवन निर्माणका लागि प्रति वडा रु ३५ लाख विनियोजन भएकोमा सवै वडाको भवन निर्माण सम्पन्न भै नसकेकोले ति वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई क्रमागत

योजनामा समावेश गरी ३५ लाख रुपैयामा भुक्तानी लिन वाँकी रहेको तपसिल अनुसारको सम्वन्धित वडा कार्यालयहरुलाई चालु आ व मा विनियोजन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| वडा नं ३ | १० लाख २९ हजार |
| वडा नं ५ | ३ लाख ४६ हजार |
| वडा नं ७ | २० लाख ८ हजार |
| वडा नं १० | १० लाख १० हजार |
| वडा नं १२ | ७ लाख १८ हजार ३ सय ३७ |
| वडा नं १३ | ११ लाख ७९ हजार १ सय ८० |
| वडा नं १४ | २१ लाख |

**निर्णय नं. १५ :** फिदिम नगरपालिकाको आर्थिक ऐन २०७६ लाई संसोधन गर्न वनेको विधेयक २०७६ लाई पारित गरी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १६ :** रानीटार स्वास्थ्य चौकी मर्मत संभारका लागि रु १५००००।०० पुँजीगत सुधार कार्यक्रमवाट खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. १७ :** पुष्प निर्माण सेवाले यस नगरपालिकावाट लगाईएको वहाल विटोरी कर र पार्किङ सेवा शुल्क सम्वन्धि ठेकाको रकम हाल सम्म नवुझाएकोमा उक्त संस्थाको च नं ०१ मिति २९७६।०४।२८को पत्रवाट ठेका वापतको वुझाउनु पर्ने रकम वुझाउन मिति २९७६।०५।३० सम्मको म्याद थपको लागि अनुरोध गरेकाले माग अनुसार ठेका रकम वुझाउन भाद्र मसान्त सम्मको म्याद थप गरिदिने निर्णय गरियो।